आज मिति २०७७ जेठ ८ गते, विहीबार दिनको १:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

<u>विषयहरु :-</u>

१. जोखिम भत्ता व्यवस्थापन सम्बन्धमा

२. बीमा सम्बन्धमा

३. तालिम सम्बन्धमा

४. समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

५. विविध ।

<u>निर्णयहरु :-</u>

१. हाल विश्वव्यापी रुपमा फौलिरहेको कोरोना भाइरस संक्रमण नेपालमा समेत तीव्र गतिमा फैलिरहेको अवस्थामा यसको रोकथाम, नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७६ चैत्र ११ देखि देशव्यापी बन्दाबन्दी (लकडाउन) घोषणा गर्दा अत्यावश्यक सेवाहरु स्वास्थ्य क्षेत्र, सरसफाई र सुरक्षा क्षेत्रका कर्मचारीहरुलाई कार्य क्षेत्रमा नियमित खटिनुपर्ने व्यवस्था गरेकोमा नेपाल सरकारको विभिन्न मितिको निर्णय अनुसार स्थानीय तहबाट विदेशबाट आएका मानिसहरुको लगत राख्ने, उनीहरुलाई कोरोना संक्रमण परीक्षण गराउने, लकडाउनका कारण दैनिक जीवन यापनमा कठिनाइ भएका दैनिक ज्यालादारी मजदुर असहाय र अति विपन्नहरुको लगत संकलन गरी आवश्यक खाद्यान्न र राहत एकद्वार प्रणालीबाट वितरण गर्ने, खाद्यान्न र तरकारी बजार व्यवस्था गर्ने, विशेष सरसफाई र किटनाशक औषधी छर्ने, लकडाउनलाई पूर्ण रुपमा लागू गर्न आवश्यक व्यवस्था गर्ने, जात्रा-पर्व र संस्कृति व्यवस्थापन गर्ने लगायत विभिन्न कार्यहरु गर्ने जिम्मेवारी दिएको हुंदा वडाहरुमा वडा समन्वय समिति गठन गरी वडाका कर्मचारीहरु र स्वयम् सेवकहरु परिचालन भएको र नगरपालिका कार्यालयमा माथिका सबै कार्यहरु सम्पादन गर्न र सोको लागि आवश्यक बैठक, छलफलको समेत व्यवस्था गर्न तथा आवश्यक सामग्रीहरु व्यवस्था गर्न नगरपालिकाका प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू र वडा अध्यक्षज्यूहरुको निर्देशानुसार जनस्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरु, श्यानिटेशन शाखाका सफाई मजदुर, ड्राइभर, हेल्पर, वडा निरीक्षकलगायतका कर्मचारीहरु तथा यस नगरपालिकाका कार्यालयका प्रशासनिक र प्राविधिक कर्मचारीहरुलाई लकडाउनको समयमा समेत कार्यालयमा हाजिर गराई कार्य गराएकोमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको <u>**कोरोना भाइरस (covid-19) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७**</u> लाई समेत ध्यानमा राखी नेपाल सरकारले लकडाउनको अवधिलाई बिदा घोषणा गरे पनि नगर सफाइमा निरन्तर खटिरहनु भएका स्थायी, अस्थायी, मा.ज्या., सेवा करार र सफाई ठेक्काका सफाइ कर्मचारीहरु, जन स्वास्थ्य केन्द्रमा कार्यरत चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीहरुलाई मासिक तलबलाई दैनिक हिसाब गरी हाजिर भएको प्रत्येक दिनको ७५ प्रतिशत र नगरपालिकाका कर्मचारीहरु, वडा कार्यालय, जन स्वास्थ्य, शिक्षा शाखामा

**कार्यरत कर्मचारीहरुलाई हाजिर भएको प्रत्येक दिनको ५० प्रतिशत प्रोत्साहन भत्ता (जोखिम भत्ता) दिने निर्णय गरियो ।**

२) **हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमण नेपालमा समेत तीव्र गतिमा फैलिरहेको र भक्तपुर नगरपालिका भित्रसमेत संक्रमित विरामी भेटिएको अवस्थामा यसको रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्था गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारले सबै स्थानीय तहहरुलाई दिएको हुँदा यस्तो विपद् र विषम् परिस्थितिमा स्थानीय जनप्रतिनिधिहरु, स्वास्थ्य, सफाई र प्रशासनिक कर्मचारीहरु एवं स्वयंसेवकहरु परिचालन भई कोभिड-१९ रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्थापनको लागि खटिनु पर्ने हुंदा परिचालन हुनुपर्ने जनप्रतिनिधिहरु, स्वयंसेवक र सम्पूर्ण कर्मचारीहरुको मनोबललाई उच्च बनाई राख्न आवश्यक देखिएकोले यो विषम अवस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई एक वर्षको लागि रु.१० लाख बराबर, न.पा.का जनप्रतिनिधिहरु, कर्मचारीहरु, सफाईकर्मीहरु र नगरपालिकाबाट खटाइने तालिम प्राप्त स्वयंसेवकहरुलाई एक वर्षको लागि रु.५ लाख बराबरको जोखिम बीमा (आवधिक जीवन बीमा) गर्ने निर्णय गरियो र यसको लागि भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।**

३. **भक्तपुर नगरपालिका प्रकोप व्यवस्थापन कोषबाट खर्च गरी कोभिड-१९ रोकथाम, नियन्त्रण र क्वारेन्टाइन व्यवस्थापन गर्न आवश्यक स्वयंसेवक तालिम संचालन गर्ने निर्णय गरियो ।**

| ४. मिति : २०७७/०२/०८ गते बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो : | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भक्तानीदिनु पर्ने | बजेट | कैफियत |
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | |
| १ | रानी पोखरी संरक्षण योजना दोस्रो चरण (पोखरीमा भित्री तह पेटी ईटा छपाई, भित्री बाहिर स्लोप सलामी मर्मत गर्ने कालोमाटो भरि पोखरीको पिंढ मर्मत गर्ने जस्ता कार्यहरू) | १ | ६,४६७,१४८।३० | | | | | | नपा | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | महेश्वरीघाट क्षेत्र ढुंगा छपाई कार्य योजना | ८ | २,८७७,४१८।०८ | | | | | | घाट सुधार | |
| ३ | भक्तपुर नगरमा सांस्कृतिक, साहित्य, कला र पर्यटन स्थलको संरक्षणको लागि जनचेतना अभिवृद्धि गर्न उपकरण खरिद कार्य | १ | ६,०७८,८३५।०० | ६,०९६,४१९।७७ | | | | | स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम | |
| ४ | समाज सेवा इष्टिच्युट भवनमा तल्ला थप कार्य | ८ | ९,४१८,२११।७९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ५ | नपली स्वास्थ्य चौकी निर्माण कार्य | १ | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ६ | साविक वडा नं. वडा कार्यालय भवनको उत्तरतर्फ स्वास्थ्य चौकी भवन निर्माण कार्य | ७ | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ७ | कमलविनायकस्थित भुतिपाखे स्वास्थ्य चौकी भवन निर्माण कार्य | १० | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ८ | राम मन्दिर तालाक्वस्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य | ४ | ६,१७४,७२१।३९ | | | | | | बागमति प्रदेश विशेष अनुदान | |
| ९ | महेश्वरी स्थित महेश्वरी स्टेडियम निर्माण कार्य | ७ | ५१६,१४८,००२।०१ | | | | | | खेलकुद | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | जगाती, लिवाली र राममन्दिर क्षेत्र पीच कार्य | ४, ७ र ८ | १९,९२९,८६१।९३ | | | | | | बागमति प्रदश समपुर अनुदान | |
| पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
| १ | नवदुर्गा च्योछेदेखि गछें हुँदै सकोलानसम्मको बाटो मर्मत कार्य | ९ | १,०५५,५४६।९३ | | ५७६,७२८।२४ | ४३१,०५३।०० | ३५०,०००।०० | ८१,०५३।०० | सडक बोर्ड नेपाल | ५,५०,००० थप पेश्की प्रदान गर्ने |
| २ | हनुमानघाट पारी सत्तलसंगैको पाटी पुन:निर्माण कार्य | ७ | ४,४३०,७७६।३१ | | ४,८३६,६१३।९९ | ३,०६५,१४९।७७ | ३,०००,०००।०० | ६५१४९।७७ अघिल्लो पे.फ. भइसकेको | नपा | १५ लाख दोस्रो पे.फ. गरी १०,४३,७२७।२७ चन्दाबाट कार्य गरेको |
| उपभोक्ता समिति गठन सम्बन्धमा | | | | | | | | | | |
| १ | जगाती चोकबाट पुरानो जगाती चोक (जगाती चेक पोष्ट) सम्म पाइप लाइन व्यवस्थापन कार्य | ८ | ७०१,१८७।६० | उ.स.अ. : राजकुमार बनमाला | | उ.अ.स. : हरिरत्न गोर्खाली | | | खानेपानी | |
| | **रकमान्तरण गर्ने सम्बन्धमा** | | | | | | | | | |
| १ | राममन्दिरदेखि अरनिको राजमार्गसम्म र भुलांचासम्म बाटो मर्मत कार्य | ४ | ४९९,७७२।३२ | ५७०,११०।६४ | | | | ४१७,५७२।३५ | विशेष अनुदान | |
| २ | राममन्दिर ग:हिटीदेखि बाराही पुलसम्म, लिबाली क्षेत्रमा, जगातीदेखि वासिकचा सम्म बाटो मर्मत | ४, ७, ८ | ३६०,०८५।९५ | ४१३,९५६।७८ | | | | २८५,९७२।३३ | विशेष अनुदान | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य | | | | | | | | | | |
| १ | राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वरमा आ.व. २०७७/७८ का लागि भ.न.पा. वडा नं. ७, महेश्वरी स्थित महेश्वरी स्टेडियम निर्माण कार्यको लागि ल.ई रू. ५१,६१,४८,००२।०१ बजेट निकासाको लागि माग गर्ने निर्णण गरियो । | | | | | | | | | |
| २ | बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०७७/७८ का लागि भ.न.पा. वडा नं. ४, ७ र ८ स्थित जगाती, लिवाली र राममन्दिर क्षेत्र पीच कार्य (ल.ई. रू १,९९,२९,८६१।९३) योजनाको लागि समपुरक अनुदान माग गर्ने निर्णय गरियो । | | | | | | | | | |
| ३ | **बागमति प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०७७/७८ का लागि तपसिल बमोजिमका योजनाहरूको लागि विशेष अनुदान माग गर्ने निर्णय गरियो ।** | | | | | | | | | |
| क | समाज सेवा इष्टिच्युट भवनमा तल्ला थप कार्य | ८ | ९,४१८,२११।७९ | | | | | | | |
| ख | नपली स्वास्थ्य चौकी निर्माण कार्य | १ | ६,१७४,७२१।३९ | | | | | | | |
| ग | साविक वडा नं. ६ वडा कार्यालय भवनको उत्तरतर्फ स्वास्थ्य चौकी भवन निर्माण कार्य | ७ | ६,१७४,७२१।३९ | | | | | | | |
| घ | कमलविनायक स्थित भुतिपाखे स्वास्थ्य चौकी भवन निर्माण कार्य | १० | ६,१७४,७२१।३९ | | | | | | | |
| ङ | राम मन्दिर तालाक्व स्थित स्वास्थ्य चौकी भवन निर्माण कार्य | ४ | ६,१७४,७२१।३९ | | | | | | | |

**५. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. वडा नं ८ का वडाअध्यक्ष श्री महेन्द्र खायमलीले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु. ३४,४२,४००।- लिई रु. ३१,२०,०००।- वितरण गरी बांकी रु. ३,२२,४००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।**

**ख. नपाको बा १ क ८१५६ नं. को गाडी मर्मत वापत रु. ५४,८०५।- बोहरा इन्टरप्राइजेजलाई भुक्तानी दिने निर्णय गरियो ।**

**ग. नपामा विभिन्न समयमा खाजा वापत रु.३,७००।- भ्ःछे खाजाघरलाई भुक्तानी दिने निर्णय गरियो ।**

**घ. नपामा विभिन्न समयमा फलफूल उपलब्ध गराए वापत रु.१४,७५०।- हरिशरण पुडासैनीलाई भुक्तानी दिने निर्णय गरियो ।**